
# लेखापरीक्षण प्रतिवेदन

# कुम्मायक गाउँपालिका, पाँचथर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कुम्मायक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/84

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

## कैफियतसहितको राय

हामीले **कुम्मायक गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६ करोड ६१ लाख ८० हजार, र एकिकृत पूर्वाधार स्वास्थ्य विकास कार्यक्रमको रु. ३ करोड १९ लाख ८० हजार समेत गरी रु.९ करोड ८१ लाख ६० हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ८८ करोड ३४ लाख, ६९ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड ८ लाख ९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड २ लाख ५८ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.२ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४० लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ७७ लाख ३२ हजार, सोधभर्ना नलिएको रु.१लाख २० हजार र पेस्की बाँकी रु.८३ लाख ६० हजार रहेको छ। गत वर्षसम्म रु.७ करोड ९२ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ६ लाख ४५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **कुम्मायक गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **कुम्मायक गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०१ | ४५ | ३,०८,०९,४९२ | ० | २५ | १,०२,५७,८१६ | ० | १०१ | २० | २,०५,५१,६७६ | २,७८,७९६ | ७७,३१,९६९ | ४०,६०,९५७ | ० | १,२०,००० | १,२१,९१,७२२ | ८३,५९,९५३ |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | ७,९२,१३,००० | ० | ९१,१९,५०६ | ७,००,९३,४९४ | ० | २,०५,५१,६७६ | ९,०६,४५,१७० |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | | | ३९,०३,००५ |
| २ | २०७९/८० | ५५ | सक्कल विजक | २,१२,६२४ |
| ३ | २०७९/८० | ५३ | लघु उद्यम विकास कार्यक्रमको प्रविधि हस्तान्तरण | २,३९,९९० |
| ४ | २०७९/८० | २४ | बजेट भन्दा वढी खर्च | ४,०३,२१९ |
| ५ | २०७९/८० | ३४ | कर्मचारी प्रोत्साहन भत्ता | ३०,५५,६६० |
| ६ | २०७९/८० | ३३ | करार कर्मचारी | १३,०५,००८ |
| ७ | २०८०/८१ | ५४ | नर्म्स भन्दा बढी खर्चः | १०,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ७६ | नदीजन्य पदार्थः | २४,३१,३६० |
| ९ | २०८०/८१ | ५२.५ | कृषि तथा पशुतर्फः | २,५०,००० |
| १० | २०८०/८१ | ६९.२ | कृषि औजार तथा यान्त्रीकरण अनुदानः | १,६५,००० |
| ११ | २०८०/८१ | ५७ | एज विल्ड नक्सा : | ३०,००० |
| १२ | २०८०/८१ | ६० | एजविल्ट नक्सा (वडा नं ४ चोलुङ पार्क ) | ३०,००० |
| १३ | २०८०/८१ | ४१ | अक्षयकोष स्थापनाः | ५,००,००० |
| १४ | २०८०/८१ | ३६ | संचार खर्चः | ४५,००० |
| १५ | २०८०/८१ | ६४ | संघीय समपुरक अनुदान साझेदारी : | ४७,७८,१८७ |
| १६ | २०८०/८१ | ४७ | शिक्षा तर्फः | १०,१३,७५० |
| १७ | २०८०/८१ | ४२ | लागत साझेदारीः | २१,८७५ |
| १८ | २०८०/८१ | ६६ | प्रदेश समपुरक कोष साझेदारी : | ४,१३,५६४ |
| १९ | २०८०/८१ | ४३ | निजी सवारी मर्मतः | १९,०८० |
| २० | २०८०/८१ | ३० | सफ्टवेयर खरिदः | ५,५०,००० |
| जम्मा | | | | १,९३,७७,३२२ |

# (८०१०२५०१३०० - कुम्मायक गाउँपालिका, पाँचथर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा १२९.३० वर्ग किलोमिटर क्षेत्रफल तथा १२७४६ जनसंख्या रहेको छ

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१२ देखि २०८१।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.८८,३४,६८,६३३.८६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,९१,११५।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भौचर नं ६८७४६९६४ मिति २०८१।०५।१३ बाट सामाजिक सुरक्षा बापतको रकम असुर | ७९८४० |
| २ | दोहोरो तलब भुक्तानी भएकोमा रसिद नं. १०८ मिति २०८१।५।१४ मा असुल भई पालिकाको राजस्व खातामा भएको। | २७२२५ |
| ३ | ठेक्का खोल्दा बखतको बैठक भत्ता ८ जनाको असुल भई पालिकाको राजस्व खातामा दाखिला भएको। | ४१६५० |
| ४ | भौचर नं ६८७५१६७२ मिति २०८१।०५।१३ बाट सामाजिक सुरक्षा बापतको रकम असुर | ४२४०० |
| | जम्म | १९१११५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छ;

| वित्तीय प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | म.ले.प.फा. नं. २७०-०१ | |
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,८१,७३,७९९.३९ | ० | ६,८१,७३,७९९.३९ | ६,३७,३४,९१४.४४ | ० | ६,३७,३४,९१४.४४ |
| १३००० | अनुदान | | २६,३२,३५,९४८.७६ | ० | २६,३२,३५,९४८.७६ | २८,१०,९५,०४९.०० | ० | २८,१०,९५,०४९.०० |
| १४००० | अन्य राजस्व | | ३१,९८,०६९.८९ | ० | ३१,९८,०६९.८९ | ६४,६८,०७३.०० | ० | ६४,६८,०७३.०० |
| क | कुल जम्मा प्राप्ति | | ३३,४६,०७,८१८.०४ | | ३३,४६,०७,८१८.०४ | ३५,१२,९८,०३६.४४ | | ३५,१२,९८,०३६.४४ |
| ३ | चालु | | २६,४४,३७,१७७.७६ | ० | २६,४४,३७,१७७.७६ | २९,६१,००,०१०.०० | ० | २९,६१,००,०१०.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | १४,६२,७१,०४४.७६ | ० | १४,६२,७१,०४४.७६ | १४,९४,२०,७६०.०० | ० | १४,९४,२०,७६०.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,४४,०१,७०५.०० | ० | ९,४४,०१,७०५.०० | १२,३८,०१,६७७.०० | ० | १२,३८,०१,६७७.०० |
| २५००० | सहायता (Subsidy) | | ९३,००,६८७.०० | ० | ९३,००,६८७.०० | ७६,७०,६१८.०० | ० | ७६,७०,६१८.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,३२,५९,४९१.०० | ० | १,३२,५९,४९१.०० | १,३१,५८,५४५.०० | ० | १,३१,५८,५४५.०० |
| २८००० | अन्य खर्च | | १२,०४,२५०.०० | ० | १२,०४,२५०.०० | २०,४८,४१०.०० | ० | २०,४८,४१०.०० |
| ४ | पूंजीगत | | ९,३७,८७,७६७.०० | ० | ९,३७,८७,७६७.०० | ९,००,११,८६८.०० | ० | ९,००,११,८६८.०० |
| ३१११० | भवन तथा संरचना | | १,६१,८३,९२३.०० | ० | १,६१,८३,९२३.०० | ३,९४,१६,८५७.०० | ० | ३,९४,१६,८५७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ६२,६१,९४७.०० | ० | ६२,६१,९४७.०० | ६४,९४,५०३.०० | ० | ६४,९४,५०३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ७,१३,४१,८९७.०० | ० | ७,१३,४१,८९७.०० | ४,३८,००,५०८.०० | ० | ४,३८,००,५०८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | ३,००,०००.०० | ० | ३,००,०००.०० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ३५,८२,२४,९४४.७६ | | ३५,८२,२४,९४४.७६ | ३८,६१,११,८७८.०० | | ३८,६१,११,८७८.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | | (२,३६,१७,१२६.७२) | | (२,३६,१७,१२६.७२) | (३,४८,१३,८४१.५६) | | (३,४८,१३,८४१.५६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ५६,८४,१२६.९८ | | ५६,८४,१२६.९८ | ३१,६९,०२४.२५ | | ३१,६९,०२४.२५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (१,६७,९७८.००) | | (१,६७,९७८.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (१,७९,३२,९९९.७४) | | (१,७९,३२,९९९.७४) | (३,१६,४४,८१७.३१) | | (३,१६,४४,८१७.३१) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,६०,७६,६०२.४१ | | ५,६०,७६,६०२.४१ | ८,७७,२१,४१९.७२ | | ८,७७,२१,४१९.७२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,८१,४३,६०२.६७ | | ३,८१,४३,६०२.६७ | ५,६०,७६,६०२.४१ | | ५,६०,७६,६०२.४१ |

२.१ **वित्तीय विवरणको यथार्थता:**पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,६१,७९,५७८।-, एकिकृत पूर्वाधार स्वास्थ्य विकास कार्यक्रम रु.३,१९,८०,४२१।- समेत गरी जम्मा रु.९,८१,५९,९९९।- । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **जिम्मेवारी फरकः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले आफ्नो कारोबारको जिम्मेवारी गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,६२,४४,५८०।४१ मौज्दात रहेकोमा यस वर्षको एकिकृत आय व्ययमा सोही जिम्मेवारी लेखाङ्कन भएता पनि म. ले. प. फारम नं. २७०-०१ बमोजिम रु. ५,६०,७६,६०२।४१ जिम्मेवारी सारेकोले रु १,६७,९७८ ०० घटि जिम्मेवारी सारेको देखियो। उक्त घटि जिम्मेवारी सम्बन्धमा

पालिकाले रु.१,६५,२९२।- को कर , धरौटी लगायतको दायित्व दाखिला गरेको त्यस्तै रु.२,६८६।- को हिसाव समायोजन गरी पेश गरेको छ । सम्बन्धित आर्थिक वर्ष भित्र दायित्व भुक्तानी गरी समयमै हिसाब मिलान गरिनुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाको वर्षान्तमा स्रेस्ता अनुसार रु.३,८१,०९,९०६।२५ र बैङ्क मौज्दात अनुसार ३,८१,०९,९०६।२५ अर्थात बराबर देखिएको छ ।

| सि. न | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता ग. ४ . १ | १७०००३६७.११ | १७०००३६७.११ | ० |
| २ | विविध खर्च खाता ग . २ . ७ | ११२६८५५.१८ | ११२६८५५.१८ | ० |
| ३ | स्थानीय तह प्रकोप व्यवस्थापन व्यवस्थापन खाता ग. ७ . २ | ५३०३८५७.३३ | ५३०३८५७.३३ | ० |
| ४ | स्थानीय तह धरौटी खाता ग. ३ . १ | ८०९४०२५.१५ | ८०९४०२५.१५ | ० |
| ५ | विविधकोष खाता ग. ५ . १ | २०३१०५१ | २०३१०५१ | ० |
| ६ | स्थानीय तह विभाज्य कोष खाता | ४५८७४४६.९ | ४५८७४४६.९ | ० |
| | जम्मा | ३, ८१ , ४३ , ६०२।६७ | ३, ८१ , ४३ , ६०२।६७ | ० |

३ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष देहाय बमोजिमका अनुदानमा देहाय बमोजिमको निकासा प्राप्त गरेकोमा खर्च नभई वाँकी रहेको रकम सोही वर्षमा फिर्ता गरेको देखिन्छ । पालिकाले अनुदान रकमको अधिकतम उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १७३५७२००० | १५३५१०४०८.७६ | २००६१ ५९१. २४ | ० |
| | समपुरक | १००००००० | ९६५११२५ | ३४८८७५ | ० |
| | विषेश | १००००००० | ९२२०६४८ | ७७९३५२ | ० |
| प्रदेश सकार | शसर्त | ३४२५००० | ३३१३५२० | १११४८० | ० |
| | समपुरक | १००००००० | ७९२०२४७ | २०७९७५३ | ० |
| | विषेश | ० | ० | ० | ० |
| जम्मा | | २०६९९७००० | १८३६१५९४८.७६ | २३३८१०५१.२४ | |

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्।

४.१ आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली

कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन ।

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको फरफारक गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण शुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन । प्रयाप्त बजेट व्यवस्था नभएको र संघीय तथा प्रदेश सरकारको अनुदान कटौती भएका कारण निर्माण कार्य सम्पन्न भएका वा भौतिक प्रगती बढी भएका योजनाको समेत भुक्तानी हुन नसकेको र पेश्की फर्छयौट हुन नसकेको अवस्था छ ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविधि खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको देखिएन।

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन ।

• सम्पुर्ण योजनाको नापी किताव रनिङ्ग विल अनुसार छुट्टाछुट्टै राखेको अद्यावधिक नापी किताव तयार गरेको देखिएन ।

• उपभोक्ता समिति मार्फत संचालित अधिकांश योजनाको नापी किताव तथा कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको देखिएन ।

• अधिकांश सामाग्री खरिदको सार्वजनिक खरिद नियमावलीको नियम ११५ बमोजिमको निरीक्षण तथा परीक्षण गरेको देखिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने बेहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **आन्तरिक लेखापरीक्षणः**स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। यस पालिकाले २०८०।८१ आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्त्यमा एकै पटक गरी प्रतिवेदन पेश गरेको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षणका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी रहेको देखिएको तर पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षक प्रदेश लोक सेवाबाट माग गरी कानुनमा भएको व्यवस्था बमोजिमनै आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

४.३ **बेरुजु लगतः** पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरीएको देहायका म. ले. प. फारम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको म.ले.प. फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

- म. ले. प. फाराम ८०१ –बेरुजु लगत नराखेको,
- म. ले. प. फाराम ८०२ –बेरुजुको कार्यालयगत प्रतिवेदन नराखेको,
- म. ले. प. फाराम ८०५ –सम्परीक्षण गोश्वारा अभिलेख नराखेको।

म. ले. प. फारम अद्यावधिक नहुँदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानुपर्दछ ।

४.४ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

५ **सूचना प्रविधि पद्धतिः**

सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको राजस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी सम्झौता गरेको देखियो। यसबाट पालिकाको आन्तरिक आय लेखाङ्कनका सम्बन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुनेगरी सुधार गर्नुपर्दछ ।
- सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फारम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरीटी प्रोटोकल र सुरक्षण विधि लागु गरी त्यसको अभिलेख म. ले. प. फारम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्बन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

प्रणाली फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ । पालिकाले यस सम्बन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकायलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

६ **धरौटी अभिलेखः**

पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नुपर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपनि सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटीको वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तीय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन । धरौटीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

७ **सेवाप्रवाह विवरण:**

पालिकाले सेवा प्रवाहलाई तुस्त दुरुस्त र सेवा ग्राहिमैत्री बनाउनुपर्दछ । यस वर्ष पालिकाबाट ५२७ जन्मदर्ता र मृत्युदर्ता, ३०१ वटा नाता प्रमाणित, १०७४ नगरीकता सिफारिस दर्ता, १४० वटा घरवाटो सिफारिस र ३७०१ अन्य सिफारिस भएको विवरण प्राप्त भएको छ । पालिकाबाट प्रदान गरीने सेवा लाई विद्युतीय माध्यमबाट समेत प्रवाह गरी थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

८ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १०९ | १४ | ० | ० | ३ |

९ **बजेट तथा कार्यक्रम व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्।

९.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९.२ **रकमान्तर :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २० मा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पुँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ ।

यस वर्ष पालिकाले शीर्षकगत रुपमा एकमुष्ट रु.३,५६,०२,१२६.0३ रकमान्तर गरेको छ। कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्नेतर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

९.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट कार्यान्वयन वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९.४ **बजेट पेश, पारीत र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारीत गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८०।०३।१० गते रु. ३९ करोड ४१ लाख ७७ हजार ५ सयको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारीत भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९.५ **त्रैमासिक खर्च :** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजिगत खर्च | ९३७८८ | ८३१६ | १४४३ | २०९८४ | ६३०४४ | ३६०५७ |
| खर्च प्रतिशत | १०० | ८.८७ | १.५३ | २२.३७ | ६७.२१ | ३८.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ९ करोड ३७ लाख ८८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ८.८७ प्रतिशत, दोश्रो त्रैमासिकमा १.५३ प्रतिशत, तेश्रो त्रैमासिकमा २२.३७ प्रतिशत र चौथो त्रैमासिकमा ६७.२१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ३८.४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि. नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२८५४००० | १११८३७६८ | ३ |
| २ | सामाजिक विकास | २३५९८८००० | २१०२८०४७६.०९ | ५९ |
| ३ | पूर्वाधार विकास | ७०११७८५७ | ६१५११५१६९ | १७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३७०००० | ६०२७५८० | २ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८०५५६७६९ | ६९२१७९५१ | १९ |
| कुल जम्मा | | ४१६८८६६२६ | ३५८२२४९४४ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५९ प्रतिशत पूर्वाधार विकासमा १७ प्रतिशत, आर्थिक विकासमा ३ प्रतिशत त्यस्तै सबै भन्दा कम सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र मा २ प्रतिशत रहेको छ। सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

९.७ **योजना प्राथमिकिकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेका अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| २१ | ३१ | ३६ | १७ | ४ | १०९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ९९ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ८८ वटा अर्थात् ८८.८८ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । कार्यालयले पुँजी सिर्जना हुने ठोस योजनामा लगानी गर्नुपर्दछ ।

९.८ **अवण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आषाढको नगर सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा देहाय अनुसारको शीर्षकमा अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी विविध शीर्षकमा अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

| क्रमश | विवरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | लक्षित वर्ग | २०००००० | १०८८०७९ |
| २ | समपुरक तथा साझेदारी कोष | १९३००००० | १६६४०७७ |
| | जम्मा | २१३००००० | २७५२१५६ |

## १० कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह

सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ४ वटा नियमावली, ३० वटा कार्यविधि ३ निर्देशिका १ कनून, १ दिगदर्शन र १ आचरसहिता समेत जम्मा ६४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नुपर्दछ ।

११ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष दर्ता भएको १७ मध्ये १० वटा फस्यौंट भई ७ वटा फस्यौंट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फस्यौंट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

१२ **सम्पत्ति उपयोग र संरक्षणः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्।

१२.१ **सम्पत्ति संरक्षण :** पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी पालिकाले अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन। साविक गाउँपालिका बाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । सबै जिन्सी सम्पतीको मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ ।

१२.२ **मर्मत संभार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नुपर्दछ ।

१२.३ **जिन्सी अभिलेखिकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन। अभिलेखको अभावमा खरिद भएका तथा हस्तान्तरण भई आएको सम्पत्ति र सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन। अभिलेख प्रणालिमा सुधार गर्दै तत्काल जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३ **राजस्व व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्।

१३.१ **राजस्व लक्ष्य असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले ती आय शीर्षकमा शीर्षकगत आय अनुमान नगरी एकमुष्ट रुपमा ५५ लाख अनुमान गरेको देखिन्छ।यस वर्ष पालिकाको राजस्व असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।यो बर्ष अनुमानको तुलनामा ८५.९२ प्रतिशत मात्र राजस्व उठेको छ ।

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ७८,१५०.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७, १३ , ३८१.६२ |
| ३ | ११३१७ | वहाल कर | १, ३० , ५४४.४० |
| ४ | ११३१८ | वहाल विटौरी कर | ६,०००.०० |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १९,२००.०० |
| ६ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३६,४४०.०० |
| ७ | ११६९१ | अन्य कर | ५, ४९ , ९२४.०० |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १, २८ , ३००.०० |
| ९ | १४२२१ | न्यायिक दस्तूर | १,६००.०० |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ६४,४०९.०० |
| ११ | १४२४२ | नक्सापास दस्तुर | २८,८११.४० |
| १२ | १४२४३ | सिफारिश दस्तुर | ५, २५ , ४१४.१३ |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २, ०३ , २१०.०० |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५९,९००.०० |
| १५ | १४२४९ | अन्य दस्तुर | १६, ४१ , १६५.४७ |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १, ६० , ६२५.०० |
| १७ | १४२६५ | अन्य क्षेत्रको आय | १०० |
| १८ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १, ०१ , १५१.०० |
| १९ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,४००.०० |
| २० | १४३१३ | धरौटी सदरस्याहा | २१,०००.०० |
| २१ | १४५२९ | अन्य राजस्व | १, ८९ , १६५.०० |
| २२ | १४५३१ | सरकारी घर, जग्गा , गुडवील बिक्रीबाट प्राप्त रकम | ३०,५००.०० |
| २३ | १४६११ | व्यवसाय कर | ३४,९६०.०० |
| जम्मा | | | ४७, २५ , ३५१.०२ |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१३.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १३०९८०२४० | ४७,२५,३५१.०२ | ३.६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३.३ **स्थानीय तहरूको विभाज्य कोषः** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरञ्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा यकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

१३.४ **राजश्व दाखिलामा जरिवानाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुली रकम समयमा दाखिला नगरेकोले। पालिकाले समयमै राजस्व दाखिला गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ ।

१३.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता र उपलतब्धी प्राप्त नर्गने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३.६ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शीर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प. फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता अध्यावधिक गर्नुपर्दछ।

**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शून्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१४ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन।

१४.१ **कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २३ जना स्थाई पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जिनियर, सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.२ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारीहरु करारमा राखि रु.१,१३,५२,४९६।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक पदमा २० जना करार नियुक्ति गरी वर्षभरी रु. ७९,५९,९८३।- खर्च लेखेको छ । सम्वन्धित निकायले स्थाइ पदपुर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१४.३ **तलवी प्रतिवेदनः** निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी रु १,४५,३१,६६० भुक्तानी भएको छ। यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गर्दा तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिश्लेषणयोग्य बनाउनु पर्दछ ।

१४.४ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा

उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आएपनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु. २००००० ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दीर्धकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नु पर्दछ।

१५ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्यविधि नबनाई गाउँकार्यपालिकाको निर्णयको आधारमा विभिन्न विपन्न तथा असहाय ब्यक्ति, दिर्घरोगीहरुलाई आर्थिक सहायतामा रु १८,९४,४४७।०० खर्च लेखेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१६ **पर्व महोत्सवः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न दिवसहरु, मेला, महोत्सव लगायतमा रु २३,६८,२२७ खर्च गरेको देखिन्छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१७ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २७८५९२१.०० र वडा विविध खर्चमा रु १४,९९,२७३ गरी रु ४२,८५,१९४ खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुका साथै खाना/खाजा खर्चको प्रयोजन खुल्ने गरी खर्च लेख्नु पर्दछ।

१८ **अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फारम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फारम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष दैनिक भ्रमण र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु.२३,६४,२१७।०० खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

· विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

· अधिकांश भ्रमण खर्चमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट बेहोरा देखिने गरी अभिलेख राखेको छैन। यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मूल्याङ्कन गर्न सक्ने देखिएन। साथै भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको, खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

· अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्देश्य उल्लेख नगरी सो बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।

· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

· स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

१९ **सवारी मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु.३०५६७१९.०० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र मर्मत आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ अद्यावधिक गरेको छैन। सबै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत संरक्षण अभिलेख खाता राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मत कार्य सार्बजनिक खरिद ऐन नियम बमोजिम नगरी सिधै खरिद गरेको देखियो। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिनुका साथै खरिद विधिको पालना गरेको पाईएन। खरिद विधिको पालना गर्दै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नुपर्दछ ।

२० **इन्धन खर्चः**

कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्थाछ। पालिकाले निश्चित मापदण्ड नबनाई यो बर्ष इन्धन कार्यालय प्रयोजनमा रु.३४,८७,३२३।०० र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२१ **मसलन्द तथा कार्यालय सामग्री खर्चः**

सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा यस वर्ष रु. ३१,०५,८६६।०० खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी देखिन्छ । पटक पटक टुक्रा गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

२२ **बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकालेयस कर्मचारी बैठक भत्तामा रु २,४५,७५०, र पदाधिकारी बैठक भत्तामा रु १०,००,०००।०० गरी रु १२,४५,७५०।०० खर्च गरेकोमा अधिकांश बैठक एजेण्डा विहिन रहेको देखियो । पालिकाले विशेष कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितवययिता कायम गर्नुपर्दछ।

२३ **विज्ञापन वोर्ड कोष खाता कट्टीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा

शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेषित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

२४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.५,९९,६६४।०० खर्च गरेको छ । यस्तो खर्च लेख्दा कार्यादेश समेत दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट वा पालिकाको Web site मार्फत खरिद गरी यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२५ **ब्याक्होलोडर संचालन खर्च र आम्दानीः**

पालिकामा रहेको ब्याक्हो लोडर, ट्याक्टर मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.४४,५४,९२३.०० खर्च गरेकोमा उक्त मेशिन भाडामा लगाएबापत कार्यालयले जम्मा रु ६,१४,६८६ मात्र आम्दानी गरेको छ। पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भई के कति रकम बचत भयो सोको अभिलेख समेत राखेको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरी कार्य गर्नुपर्दछ ।

| साधन | ईन्धन | मर्मत | चालक | जम्मा रकम | आम्दानी |
|---|---|---|---|---|---|
| ब्याकहो लोडर | १२०८२४४ | ११९५८०२ | ६०३२३९ | ३००७२८५ | ६०५३३६ |
| ट्याकटर | ४०९६१७ | ४६२२९० | ५७५७३१ | १४४७६३८ | ९६५० |
| जम्मा | | | | ४४५४९२३ | ६१४६८६ |

२६ **पदाधिकारी सुविधाः**

कोशी प्रदेशसंसदको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई यातायात सुविधा रु.१०,२०,०००, टेलिफोन तथा मोवाइल रु.४,८०,०००, पत्रपत्रिका तथा इन्टरनेट रु.३,६०,०००, अतिथि सत्कार रु.८,२२,०००, खाजा खर्च रु.६,७८,०००, अनुगमन खर्च रु. ६,२४,०००, खानेपानी तथा बिजुली रु. २,४६,०००, सरसफाई तथा मर्मत खर्च रु.१,९२,००० र दशै भत्ता रु.२८०००० गरी कूल रु ४७,०२,०००।०० भुक्तानी गरेको । सोही ऐनको अनुसूचि १(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन प्रतिवेदन नराखी खर्च लेखेकोले अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

२७ **यातायात सुविधाः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार पादाधिकारीहरुलाई मासिक रुपमा अनुसूची १(क) मा उल्लेख भएको सुविधा अनुसार सवारी साधन उपलब्ध नभएमा यातायात भत्ता भुक्तानी हुनुपर्ने उल्लेख छ। साथै कर्मचारीहरुलाई अवश्यकता तथा औचित्यका आधारमा सवारी साधन सुविधा उपलब्ध गराउनु पर्दछ।निम्न वडा कार्यालयहरुमा वडा सचिव र प्राविधिकले दुई पाङ्ग्रे सवारी बुझेतापनि यसका अलावा वडा कार्यालयको नाममा निम्न नं. का सावारीमा वर्षभरि ईन्धन र मर्मतमा खर्च गरेको देखिन्छ। उक्त सवारी साधन कस्ले प्रयोग गरेको हो सो सम्बन्धमा पालिकाद्वारा यकिन गरी खर्चको औचित्य पुष्टि नभएको खण्डमा वा जनप्रतिनिधिले प्रयोग गरेको भए दोहोरो यातायात वापतको रकम असुल गरी त्यस्तो दोहोरो हुनेगरी सवारी साधन उपल्बध गराउने जिम्मेवार व्यक्ति तथा जिन्सी प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।. साथै सवारी प्रयोग कर्ताले सवारी बुझेको सहि छाप गरी सहायक जिन्सीखाता अद्यावधिक गर्नुपर्दछ।

| सि नं | सवारी रहेको स्थान | सवारी साधन नं |
|---|---|---|
| १ | वडा नं ३ | मे १ ब ७६७ |
| २ | वडा नं २ | प्र १ ०२- ०४१ ब ५०४९ |
| ३ | वडा नं ३ | प्र १- ०१ - ००१ ब १२४४ |
| ४ | वडा नं ४ | प्र १- ०१ - ००१ ब १२४८ |
| ५ | वडा नं ५ | प्र १- ०१ - ००१ ब १२४९ |
| ६ | वडा नं १ | प्र १- ०१ - ००१ ब १२५० |
| ७ | वडा नं २ | प्र १- ०३ - ००१ ब ०१६४ |

२८ **शीर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप दफा २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिकाले निम्न शीर्षकमा विनियोजन भएको रकम सो भन्दा फरक कार्यकोलागि खर्च गरेकोले उक्त खर्च रकम नियम सम्मत्त नदेखिएको रु.

| भौ नं मिति | विनियोजन शीर्षक | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| ५४७।२०८१।३।१९ | लाक्षित बर्ग(२७११२) | त्रिशाली मेला व्यवस्थापन | ५३००४९ |
| ५४७।२०८१।३।१९ | विविध खर्च(२२७११) | त्रिशाली मेला व्यवस्थापन | २०००० |
| ५४७।२०८१।३।१९ | अतिथि सत्कार(२२६१३) | त्रिशाली मेला व्यवस्थापन | १८०००० |
| ५४७।२०८१।३।१९ | पत्रपत्रिका छपाई(२२३१५) | त्रिशाली मेला व्यवस्थापन | १६८५१ |
| १५९।२०८०।९।२ | कार्यालय सामाग्री(२२३११) | विविध खर्च | १५७४४५ |
| २२०।२०८०।१०।१९ | विवधवाट (२२७११ | माटो कटीङ्ग | १०६१५४४ |
| २६९।२०८०।११।१८ | विवधवाट (२२७११ | ममन्दिर घेरावार | ९७००० |
| | जम्मा | | २०६२८८९ |

| अनियमित भएको | २०,६२,८८९ |
|---|---|

२९ **प्र अ भत्ताः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा प्र अ सम्बन्धि भत्ता दिनु पर्ने उल्लेख छ। पालिकाले संघीय सशर्त कार्यक्रमबाट प्र भत्त मासिक रुपले तलबसंगै भुक्तानी गरिरहेको अवस्थामा भौ नं मिति ४१२।२०८१।२।१४ बाट ३७ वटा विद्यालयलाई थप प्र.अ. बैठक भत्ता रु १,१५,५५० भुक्तानी गरेको छ। यसरी थप भत्ता भुक्तानी गर्दा पनि शैक्षिक गुणस्तरमा के कस्तो सुधार भएको हो सोको प्रतिवेदन बनाएको देखिएन। पालिकाले प्र अ हरुसंग कार्यसम्पादन सम्झौता गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु पर्दछ।

३० **सफ्टवेयर खरिदः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **५५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३१ **अन्य निकायको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्बन्धमा समेत उल्लेख गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरीएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत बाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ रु.

| भौ नं. मिति | शीर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २७।२०८०।६।१९ | ईन्भटर खरिद | हुलाक कार्यालय यासोक शाखा | १२५००० |
| १०१।२०८०।८।१० | विविध | ईलाका प्रहरी कार्यालय यासोक | ५३६०० |
| १५७।२०८०।९।२ | मौलो पुजा | प्रहरी चौकी, माङजावुङ | १५२२० |
| २६५।२०८०।११।१७ | मर्मत | ईलाका प्रहरी कार्यालय, यासोक | २७८०० |
| ६०५।२०८०।३।२२ | कार्यालय व्यवस्थापन | यासोक तथा माङजावुङ प्रहरि कार्यालय व्यवस्थापन | १५०००० |
| ६०५।२०८१।३।२२ | कार्यालय व्यवस्थापन | यासोक तथा माङजाबुङ प्रहरि कार्यालय | ३६४९८६ |
| | जम्मा | | |

३२ **खेलकुद कार्यक्रमः**

३२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। आन्तरिक श्रोत साधनलाई समेत ध्यान दिई समुचित उपयोग गर्दै खर्चमा मितव्ययीता अपनाउनु पर्दछ। केही उदाहरणहरूः

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५२।२०८०।७।१६ | पालिका स्तरीय खेलकुद कार्यक्रम | फक्चुवा फसिङ चुम्बो सहारा सामाज | १५०००० |
| ४१६।२०८०।२।१४ | कुम्मयाक भलिवल प्रतियोगिता | कुम्मयाक भलिवल संघ | २००००० |
| ६०६।२०८०।३।२२ | गा पा स्तरीय खेलकुद | कुम्मयाक स्पोर्टिङ्ग क्लब | २८८७२५ |
| २४७।२०८०।११।२ | खेलकुद सहयोग | त्रिवेणी यूवा क्लब | २५००० |
| २४७।२०८०।११।२ | खेलकुद सहयोग | पाँचथर फुटबल क्लब | ५०००० |
| ४४३।२०८०।२।२३ | गोल्डकप फुटवल | पाँचथर फुटबल क्लब | ५०००० |
| ४६३।२०८०।२।३० | त्रिशाली मेलामा फुटबल खेल संचलन | यलम्बर यूवा सामाज | ५००००० |
| २६३।२०८०।११।१६ | खेलकुद सहयोग | माईती नेपाल स्पोटिङ्ग क्लब | ७०००० |

३२.२ **करः** पालिकाले फाक्चुवा फसिङ चुम्भो सहारा सामाज द्वारा पालिका स्तरीय खेलकुद संचालन गराउदा रेफ्रि भत्ता रु ५०००० मा १५ प्रतिशतले हुने ७५०० कर कट्टी नगरेकोले उक्त कर वापतको रकम असुल गरी दाखिला गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

३३ **व्यक्तिको नाममा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई एफ टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको तथा वडा सचिवको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सहि सदुपयोग भए नभएको एकिन हुन नसकेको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ ।यसका केही उदाहरणहरुः

| गो भौ नं मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ४७।०८०।६।३० | ईन्धन, मर्मत , विविध | मनोज शर्मा वडा नं १ सचिव | ८९२०० |
| ११०।०८०।८।१० | ईन्धन, मर्मत , विविध | केश चेम्जोङ | १०४९५५ |
| १८८।०८०।९।२५ | ईन्धन, मर्मत , विविध | सम्झना कुवंर | १७३७१५ |
| ४०७।०८१।२।२ | छपाई तथा परिक्षा संचालन खर्च | प्रदिप सिंह तामाङ्ग | ४३५८११ |
| ३४५।०८१।१।५ | ईन्धन, मर्मत , विविध | मनोज कुमार ठाकुर | ११०३०० |
| ४५४।०८१।२।२९ | ईन्धन, मर्मत , विविध | केश चेम्जोङ | १८३९३५ |
| ३०५।१०।२८ | ईन्धन संचार बैठक भत्ता | मनोज शर्मा | ८३८५० |
| | | जम्मा | ११८१७६६ |

३४ **मर्मतः**

सार्वजनिक खरिद नियर्मावली, २०६४ मा एक लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य कार्यालयको मौजुदा सूचीमा रहेको ३ वटा फर्मसंग कोटेशन माग गरी सब भन्दा कम आर्थिक प्रस्ताव पेश गरेको फर्म बाट खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाले सवारी मर्मत गर्दा सो नियमावलीको पालना नगरी सिधै खरिद गरेको साथै मर्मत आदेश श्रेष्ता साथ संलग्न गरेको देखिएन । यसरी नियम विपरित गरेको खरिद कार्य नियम सम्मत नदेखिएको रु

| भौ नं मिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| ५६।२०८१।७।१९ | सवारी मर्मत | जगदम्बा कन्सट्रकसन सोलुसन प्रा ली | ११९७३९ |
| ७०।२०८१।८।६ | सवारी मर्मत | कुबेर अटो वक्स प्रा ली | १३५४०६ |
| १०६।२०८१।८।१० | सवारी मर्मत | सिद्धदेवी वर्कसप | १०७६७१ |
| | जम्मा | | ३६२८१६ |

| | |
|---|---|
| अनियमित भएको | ३,६२,८१६ |

३५ **वितरणमूखि खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित

सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| गो. भौ. नं. मिति | विवरण | रकम |
|---|---|---|
| १४३।२०८०।८।२६ | वडा नं. १ मा खेलकुद सामाग्री वितरण | ९९८९२ |
| २२६।२०८०।१०।२२ | जेष्ठ नागरिकलाई फाईबर सिरक विवरण | १९९८३८ |
| ३३९।२०८०।१२।३० | वडा नं. ५ मा विधार्थिहरुलाई ट्रायकसुट वितरण | ३७४३३५ |
| ४६८।२०८१।२।३१ | खेलाडीहरुलाई जर्सि तथा ट्र्याकसुट वितरण | ९९२७० |
| ६००।२०८१।३।२२ | आ वि हरुमा ग्यास चुलो वितरण | ९२५०० |
| ६०३।२०८१।३।२२ | वडा नं १ मा शैक्षिक सामाग्रीहरु वितरण | १००००० |
| | जम्मा | १२०४८३५ |

३६ **संचार खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **स्वास्थ्य विमा प्रिमियमः**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७७को नियम ३९ मा सरकारी रकम खर्च गर्दा उच्चत्तम प्रतिफल प्राप्त हुनेगरी मित्वययि रुपले खर्च गर्नुपर्ने उल्लेखछ। पालिकाले कार्यविधि नबनाई वडा नं. ४ मा ३८ जनाको स्वास्थ्य विमा प्रमियम शुल्क वापत रु.

३,५००।०० का दरले रु. १,३३,०००।०० भुक्तानी दिएको छ। यसरी कार्यविधि नबनाई भत्ता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३८ **शोधभर्नाः**

दीर्घरोग पिडितहरुलाई संघीय सरकारबाट सामाजिक सुरक्षा वापत मासिक रु ५००० आर्थिक सहायता प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले ९ जना दीर्घ रोगिलाई संघबाट शोधभर्ना प्राप्त हुने गरी वित्तीय समानिकरणबाट मासिक रु ५००० ले रु १२०००० भुक्तानी दिएकोमा लेखापरीक्षणको अवधिसम्म शोधभर्ना प्राप्त गरेको देखिएन। असार महिनाको अन्तिममा निकासा प्राप्त भएको र आर्थिक कारोबार बन्द भएकोले उक्त रकम शोधभर्ना प्राप्त गर्न नसकिएको पालिकाले जनाएको छ।समयमै निकासा प्राप्त गरी शोधभर्ना प्राप्त गर्नुपर्दछ रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,२०,००० |

३९ **रेडियो कार्यक्रमः**

सार्वजनिक खरिद निर्मावली, २०६४ मा एक लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य कार्यालयको मौजुदा सूचीमा रहेको ३ वटा फर्मसंग कोटेशन माग गरी सबै भन्दा कम आर्थिक प्रस्ताव पेश गरेको फर्मबाट खरिद गर्नुपर्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले रेडियो कार्यक्रम संचालनका लागि निम्न गो भौ नं मितिबाट पाँचथर समुदायिक सञ्चार केन्द्रलाई रु ४,५०,०००।०० भुक्तानी गरेकोमा आर्थिक प्रस्ताव माग गरेको देखिएन। यसरी ऐन नियम विपरित खरिद भएको कार्य नियम सम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

४० **दोहोरो भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न आवश्यक विल भरपाई तथा संलग्न कागजात अनुसारको भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले गो. भौ.नं. मिति २८१।२०८०।११।२१ बाट राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता तयारीकालागि श्री सिद्ध सरस्वती माध्यमिक विद्यालयलाई रु. ३४,४१२।०० भुक्तानी दिएकोमा पुनः गो. भौ. नं. मिति ३०८।२०८०। १२।५ बाट रु. ४८,५०० भुक्तानी दिएको हुदाँ दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,५०० |

४१ **अक्षयकोष स्थापनाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **लागत साझेदारीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **२१,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **निजी सवारी मर्मतः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **१९,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **अनुगमनः**

प्रदेश सरकारको खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ को दफा ५(६) अनुगमन खटाउदा बढीमा ३ जनाको टोली खटाउनु पर्दछ। त्यस्तै उपदफा ७ मा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले योजना तथा कायक्रमको अनुगमन गर्दा यक्त निर्दर्शिका पालना गरेको देखिएन। पालिकाले निर्देशिकाको पालना गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ।

४५ **अतिरिक्त कक्षा संचालनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले कक्षा ८ र १०का कमजोर विधार्थीहरुको लागि अतिरिक्त कक्षा संचालन वापत ११ वटा विद्यालयलाई रु ७९५००० भुक्तानी दिएको छ। यसरी अतिरिक्त कक्षा संचालन गर्दा विधार्थि मुल्याङ्कनको आधारमा शैक्षिक रुपले कमजोर विधार्थीको अतिरिक्त कक्षा संचालन हुन पूर्वको अवस्था, अतिरिक्त कक्षा संचालन पछिको प्रगति, शिक्षक तथा विधार्थीहरुको हाजिर र अन्तिम परीक्षको अवस्थाको मूल्याङ्कन हुनु पर्दछ। यसरी अतिरिक्त कक्षा संचालनभए तापनि एईई पास गर्ने विधार्थीहरुको संख्या एकदमै न्यून रहेकोले। उक्त अतिरिक्त कक्षा संचालन प्रावकारी भएको हो भनि भन्न सकिने अवस्था छैन। यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ।

४६ **परामर्शः**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौ नं मितिबाट परामर्श सेवा खरिदमा रु ४,८५,९००।०० खर्च गरेकोमा यस सम्बन्धमा देखिएका बेहोरा निम्न बमोजिम छ।

| भौ नं मिति | कार्य | परामर्शदाता | भुक्तानी रु |
|---|---|---|---|
| ४६५।२०८१।२।३० | नदिजन्य पदार्थको आई ईई प्रतिवेदन | सिभिल आईकन कन्सलटेन्सी | ४८५,९०० |
| ४६४।२०८१।२।३० | पृथ्वी मा वि को डि पि आर निर्माण | हाउस अफ ईन्जिनियरिङ्ग एनालाईजिङ्ग एण्ड डिजाईन कन्सलटेन्सी प्रा ली | ९, ८३ , १०० |
| | जम्मा | | ४८५,९०० |

- यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।
- परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व वीमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व वीमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो गरेको देखिएन। परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धी तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

४७ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छ।

४७.१ **विद्यालयगत निकासा अभिलेखः** आर्थिक कार्यविधि नियमावली तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा अभिलेख खाता अद्यावधिक राख्नु पर्दछ ।

४७.२ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन तयार गरेको देखिएन। गाउँपालिकाले आफ्नो कार्यक्षेत्र अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि अनुगमन गरी प्रतिवेदन पठाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७.३ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगतसंचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु १३,६६,०००। विद्यालयहरुलाई निकासा दिएको छ। पालिकाले विद्यार्थीले पाठ्यपुस्तक वितरणको अनुगमन साथै उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेअनुरुप प्रतिवेदन तयार गरिनुपर्दछ ।

४७.४ **स्यानिटरी प्याडः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **६०१,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.५ **शिक्षक विद्यार्थी अनुपातः** पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ३७ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा १७३ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये १६४ जना स्थायी र ९ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरूमा २४९८ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१५ रहेको छ ।पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकताअनुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरवन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ

४७.६ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **३९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.७ **एकीकृत पाठ्यक्रम तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **१६,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.८ **निजी लगानीका विद्यालयको छात्रावृत्तिः** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।

| विद्यार्थी संख्या | निःशुल्क शिक्षाका लागि आरक्षण संख्या |
|---|---|
| ५०० जना सम्म | कम्तिमा १० प्रतिशत |
| ५०० जना देखि ८०० जना सम्म | कम्तिमा १२ प्रतिशत |
| ८०० जना भन्दा बढी | कम्तिमा १५ प्रतिशत |

यस गाउँपालिका क्षेत्र भित्र २ वटा निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ

४७.९ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन पालिकासँग रहेको पाइएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४७.१० **बुक कर्नरः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा सामुदायकि विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन का लागि प्रति विद्यार्थी रु.१५० कक्षा (६ देखि १०) का लागि प्रति विद्यार्थी रु. २०० र कक्षा (११ देखि १२ ) का लागि प्रति विद्यार्थी रु. २५० का का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकामा रहेका ३७ वटा विद्यालका २५०१ जना विद्यार्थी सङख्याका आधारमा शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु ३,९९,८५०। अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरेको र अधिकांश विद्यालयले बुक कर्नर निर्माण गरेको पाइएन। अत : बुक कर्नर निर्माण गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,८५० |

४७.११ **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३७ विद्यालय | १७३ | १७१ | ९ | २४९८ |

४८ **शिक्षण सिकाई अनुदान (६-८)**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४१ आधारभूत तह कक्षा ६ देखि ८ सम्म सञ्चालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ । यसका लागि शून्य दरवन्दी भएका विद्यालयलाई एक शिक्षक बराबरको मासिक रु ३४७३० दिनसकिने उल्लेख छ । पालिकाले सरस्वती आधारभुत विद्यालयलाई दुई वटा शिक्षक बराबरको शिक्षण सिकाइ अनुदान उपलब्ध गराएको पाईयो । यसरी उक्त पुस्तिकाको बुँदाको अन्तिम वाक्यमा यसरी तोकिएको भन्दा बढी कोटा वितरण गर्नुपरेमा केन्द्रबाट सहमती लिनुपर्ने उल्लेख भएकोमा त्यस्तो सहमती लिएको देखिएन । अत: कर्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ विपरित दिएको शिक्षण सिकाई अनुदान नियम संवत मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६१,४९० |

४९ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पार्दर्शी, उत्तरदायी र जवाफदेहि बनाउन कार्यक्रमकोसार्वजनिक परीक्षण, सामाजिक परीक्षण अन्तर्गत तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षणसामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५० **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बटा बर्थिङ सेन्टरमा गत वर्ष ५० थानन्यानो झोला रहेकोमा यस वर्ष ४७ जनालाई वितरण गरेको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २०० थान न्यानो झोला मौज्दातमा रहेका देखिन्छ । न्यानो झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । पालिकाले यो बर्ष ४७ जनालाई प्रसुति सेवा प्रदान गरेको छ ।यहि तथ्याङकको आधारमा न्यानो झोला औसतमा ४ बर्ष पुग्ने देखिन्छ । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास हुनसक्ने भएकोले त्यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ

५१ **बहुक्षेत्रीय पोषण कार्यक्रमः**

बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्वन्धी मार्गदर्शन २०८०।८१ को बुदा नं २ मा बहुक्षेत्रीय पोषण अनुदान वितरण गर्दा भ्याएसम्म सुनौलो १००० दिन भित्रका महिला सहभागि भएको सहकारी छनौट गर्नुपर्ने उल्लेख छ ।यदि महिला सहकारी नभएको खण्डमा महिला समूह निर्माण गरी एक बर्ष भित्रमा सहकारीमा रुपान्तरण गर्ने गरी प्रति सदस्य २५,००० का दरले एकमुष्ट अनुदान प्रदान गर्न सकिने व्यवस्था छ साथै पालिकाले तयार गरेको बहुक्षेत्रीय पोषण योजना सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधि २०८० को दफा ४ मा समेत समुहमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले भौनं र मिति १९९-२०८१।०३।०९ बाट पालिकाले वडा नं १, २, ३ र ५ मा प्रति वडा ले १०० जना र बडा नं ४ मा २४ जना छनौट गरीजम्मा १२४ जनालई प्रति व्यक्ति रु २५,०००। का दरले जम्मा रु३१,००,०००। अनुदान वितरण गरेको पाईयो । यसरी सहकारी वा महिला समूह मार्फत सहकारीमा रुपान्तरण गर्ने कार्य नगरी

व्यक्तिगत अनुदान वितरण गर्दा पालिकाले मार्गदर्शन र आफ्नै कार्यविधिको समेत पालना गरेको देखिएन । गत बर्षको यस्तै योजना कार्यान्वयन गर्दा सहकारीले शेयर एवं बचत रकम कट्टी गरी बास्तविक लाभग्राहिले कोकिएको रकम प्राप्त नगरेको हुदा लाभग्राहीलाई पुरा रकम वितरण गर्नलाई वडाबाट लाभग्राहि छनौट गर्न सार्वजनिक सूचना जारी गरी वास्तविक लाभग्राहिलाई अनुदान उपलब्ध गराएको पालिकाले जनाएको छ ।तथापि सहि अनुसार पालिकाले कार्यविधी संशोधन नगरेको र पोषण कार्यक्रमको मार्गदर्शनको पालना भएको नदेखिएकाले उद्वेश्य अनुरुप कार्यक्रम संचालन भएको देखिएन । तोकिए बमोजिम अनुदान वितरण नगरेको नियमसंम्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३१,००,००० |

## ५२ कृषि तथा पशुतर्फः

५२.१ **अनुदान वितरणः** पालिकाले आ.व २०८०।८१ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम अनुदान वितरण कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका बेहोरा देहायबमोजिम छन्

| भौ नं मिति | अनुदानको विवरण | रकम |
|---|---|---|
| ३७३।१।२१ | अदुवाको विउ वितरण | ६८८८०० |
| ५२६।३।१७ | सुन्तुला प्रबर्द्धनका लागि सामाग्रीहरु वितरण | १८८०५० |
| ५२८।३।१७ | तरकारीको विउ तथा विषादी खरिद तथा वितरण सबै वडामा | ६४८४५ |
| ६३२।३।२४ | विषादी खरिद तथा वितरण | ६३५८०० |
| ६३५।३।२४ | गोठ निर्माण अनुदान २ जना कृषक | ५१२१६ |
| ५९१।३।२० | गोठ निर्माण अनुदान ५ जना कृषक | १९३२६१ |
| ५९२।३।२० | गोठ निर्माण अनुदान ६ जना कृषक | १५३६४८ |
| ५९७।३।२१ | आधुनिक खोर निर्माण कार्यक्रम ८ जना कृषक | ३८८००० |
| ५५२।३।१९ | गोठ निर्माण तथा सुधार कार्यक्रम ११ जना कृषक | २८१६८८ |
| ५९६।३।२१ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | ५०००० |
| ६२८।३।२४ | मिनी ट्रिलर, प्लान्टर राईस मिल तथा तेल पेल्ने मेशिन लगायतका सामाग्रीहरु वितरण | १७०१९०६ |
| ६२९।३।२५ | उत्पादनमा आधारित प्रोत्साहनमा अनुदान १२ जना कृषकलाई | २५०००० |
| ४८३।३।४ | लम्पी खोप कार्यक्रम | ५०७५०६ |
| ५६२।३।२० | उन्नत जातका पाडा पाडी वितरण | ४०६२५० |
| | जम्मा | ५५६०९७० |

५२.२ **अनुदानको उपयोग** : सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि भए/नभएको सम्वन्धमा अनुगमन हुनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्धेश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन यकिन गर्न सक्ने गरी अनुगमन मूल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

५२.३ **अन्य व्यहोराहरु** :

· कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

· आवश्यकता पहिचान तथा लाभ लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

· कृषि सामाग्रीहरु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

· खरिद भएका पशुहरुको विमा गराएको देखिएन।

· सूचना प्रकाशन तथा कृषक छनौट प्रकृया सबैको पहुँचयोग्य हुनुपर्दछ।

· अनुदान वितरण कार्य निश्चित कार्यविधि तथा मापदण्डको आधारमा हुनुपर्दछ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

५२.४ **रैथाने बाली प्रबर्द्धनः** कुनै पनि कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधि तथा निर्देशिका अनुसार गर्नु पर्दछ। पालिकाले कार्यविधि नबनाई रैथानेबाली प्रबर्द्धन अन्तर्गत फापर उत्पादन गर्ने ओम बहादुर कार्की लगायत विभिन्न १० जना किसानलाई नगद प्रोत्साहन स्वरुप रु. ५०,००० उपलब्ध गराएको छ। पालिकाले कार्यविधि बेगर नगद प्रोत्साहन वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५२.५ **उत्पादनमा आधारित प्रोत्साह कार्यक्रम**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ८९ जनालाई औसत ९९ दिनले ८८३७ दिन रोजगारी उपलव्ध गराई रु ५९,२०,४८४ । श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५४ **नर्म्स भन्दा बढी खर्चः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **सामुदायिक वनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत

रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

५६ **पालिका अन्तर्गतका विभिन्न संस्थाहरु:**

पालिका अन्तर्गतका देहायका संस्थाहरु सञ्चालनमा रहेको र यस वर्ष ति संस्था सञ्चालन तथा व्यवस्थापनमा पालिकाबाट देहायका खर्चहरु गरेको देखिन्छ।उक्त संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि पालिकाबाट कानुन बनाई व्यवस्थित गरेको देखिएन। यस वर्ष तलव भत्ता लगायत सञ्चालन खर्चतर्फ पालिकाबाट देहायका खर्च भएको देखिन्छ । पालिका मार्फत सञ्चालनमा आएका संस्थाहरुलाई सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै कानुनी व्यवस्था गरी आम्दानी र खर्चको लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने तथा समग्र नियमन प्रणाली व्यवस्थित गरी सेवा प्रवाहलाई व्यवस्थित गरिनु पर्दछ ।

| सि. नं | सञ्चालनमा रहेका संस्थाहरु | यस वर्ष अनुदान दिएको विवरण | पालिकाबाट भएको खर्च | सञ्चालन तथा व्यवस्थापन |
|---|---|---|---|---|
| १ | आँखा उपचार केन्द्र | तलव भत्ता लगायतका अनुदान | ७९२६१६ | आँखा उपचार केन्द्र व्यवस्थापन समिति रहेको ।छुट्टै कानून तर्जुमा गरी आम्दानी खर्चको लेखाङ्कन तथा प्रतिवेदन नभएको, महालेखा परीक्षकक कार्यालयबाट लेखापरीक्षण गराउने व्यवस्था नगरेको |
| २ | आधारभुत अस्पताल | तलव भत्ता लगायतका अनुदान | ३५६४०१ | खर्चको दयायित्व पालिका मार्फत हुँदै आएको आम्दानी लागायतको व्यवस्थापन अस्पताल विकास समित मार्फत हुँदै आएको ।छुट्टै कानून तर्जुमा गरी आम्दानी खर्चको लेखाङ्कन तथा प्रतिवेदन नभएको, महालेखा परीक्षकक कार्यालयबाट लेखापरीक्षण गराउने व्यवस्था नगरेको |
| ३ | नागरिक आरोग्य केन्द्र | तवल भत्ता लगायत सञ्चालन अनुदान | ८५५८१८ | छुट्टै कानून तर्जुमा गरी आम्दानी खर्चको लेखाङ्कन तथा प्रतिवेदन नभएको |

५७ **एज विल्ड नक्सा :**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८ **भेरिएसनः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियमम ११८ मा भरियशन आदेश जारी गर्दा प्राविधिक पुष्टाइँसमेत पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष सम्पन्न गरेका तथा सञ्चालित योजनाहरुमा अधिकांश योजनाहरुमा ०.०४ प्रतिशत देखि १५ प्रतिशतको भेरिएसन कार्यपालिकाबाट जारी गरी योजना सञ्चालन गरेको पाइयो।अधिकांश योजनाहरुमा भेरिएसन स्वीकृत गरी कार्य गराएको कारण लागत र समय बढ्न गएको छ।सबै जसो योजनाहरुमा भेरिएसन स्वीकृत गर्दा थप कार्य गर्नु परेको तथा परिमाण बढ्न गएको प्रमुख कारण जनाइ प्राविधिक पुष्टाइ वेगर कार्यपालिकाबाट स्वीकृत भएको देखियो।पालिकाले योजनाहरु कार्यान्वियन गर्दा थप व्यभार नपर्ने गरी लागत र समयलाई विचार गरी प्राविधिक पुष्टाइ हुने भरिएसन समयमै स्वीकृत गरी गुणस्तरिय ढंगले योजना सम्पन्न गरिनु पर्दछ ।यस वर्ष भेरिएसन स्वीकृत भई सम्पन्न भएका योजनाको उदाहरण देहाय अनुसार छन्।

| क्र.सं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | कार्य सम्पन्न गर्नुपर्ने मिति | म्याद थप मिति | भेरिएसन पश्चातको रकम रू. | भेरिएसन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Construction of 15 Bed Primary Hospital Building | M/S Nagarjun-Bhagawati JV | १८५४०९००८ | १४२१०५२०७ | ६५८५७ | ६६४१४ | १४४५८५६३७ | ० |
| २ | Kummayak-Kussayak Tourism Development Project | M/S Dhulikhel-Muben JV | ४२९५६०५९ | २५०४४१५८ | ६६०८० | ६६४४५ | २५०४३९२७ | ० |
| ३ | Shree Mahendrodaya Ma.vi Building Construction | Three Laxmi Construction | १२५९४३३३ | ७५७२३७७ | ६५४६३ | ६५९५७ | ७४७८७१५ | ० |
| ४ | Construction of Administrative Building Kummayak RM-3 | Three Laxmi Construction | १०६३७०४२ | ७४००६०३ | ६६१७६ | | ७३९४३७७ | ० |
| ५ | Construction of Badminton Covered Hall | Three Laxmi Construction | २४३८२३२ | १६२५९६६ | ६६०८९ | ६६१२१ | १८६९८६५ | ० |
| ६ | Construction of Kummayak Ga.Pa. Ward No. 2 Devithan Yakse Bhangyang WSP | Tumyehang Nirman Sewa | ४८७०९६४ | ४५८१७१९ | ६६१५९ | ६६१८८ | ४२८१४१४ | ० |
| ७ | Construction of Cholung Park | Tumyehang Nirman Sewa | १२९९४२३८ | १०००२२७५ | ६६१५९ | ६६१८८ | ९९९८६३० | ० |
| ८ | earthwork in excavation near awas bhawan | Suwarna Nirman Sewa | १०५७०९९ | ९७७७२८ | ६६०३६ | | १०७२८४५ | ० |
| ९ | Construction of Badminton Covered Hall (Remaining Work) | Utsav Nirman Sewa P.Ltd. | १९४७८६५ | १५७७४७७ | ६६११० | ६६१२१ | १७१४६३१ | ० |
| १० | Construction and Maintenance within various existing Structures | LMB Nirman Sewa | १३८१६४० | १३८०८५५ | ६६१८८ | | १४७८६०४ | ० |
| ११ | Shree Sidha Ma .Vi. Building construction | adhikari nirman sewa | १२६९३७९७ | ९१५६३४६ | ६६०१८ | | ९४४९१२४ | ० |
| १२ | CONSTRUTION OF HEALTH POST BUILDING | Suwarna Nirman Sewa | १०३१६१४० | ७८९०७९८ | ६५९५७ | | ८०२४७०९ | ० |

५९ **खरिद अभिलेख:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद

कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नुपर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

६० **एजविल्ट नक्सा (वडा नं ४ चोलुङ पार्क )**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६१ **कन्टिजेन्सी खर्च:**

पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.२ लाख ५४ हजार कन्टिजेन्सी खर्च गरेकोमा वैठक भत्ता, सूचना प्रकाशन लगायतका चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो।उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको देखिएन।कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानुपर्ने देखिन्छ ।

६२ **डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ। यसरी यस वर्ष पालिकाले गरेको २ वटा अध्ययन प्रतिवेदन भएको देखिन्छ भने विगत आर्थिक वर्षमा अध्ययन भएका २ प्रतिवेदन मध्ये आम्बोटे ल्याण्डफिल्ड साईट निर्माण कार्यको अध्ययन प्रतिवेदन भने कार्यान्वियन हुन सकेको देखिएन। त्यस्तै अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | कार्यान्वियन भए / नभएको |
|---|---|---|---|---|---|
| १ | चोलुङ पार्क निर्माण | एलिसा इन्जिनियरिङ एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | ८५८४६० | ८३८४६० | कार्यान्वियन भएको |
| २ | ३ नम्वर वडा कार्यालय भवन निर्माण | आर्किटेक्चर व्युरो प्रा.लि. | ३३९००० | ३३९००० | कार्यान्वियन भएको |
| ३ | आम्बोटे ल्याण्डफिल्ड साईट निर्माण | ईन्जिनियरिङ एण्ड सर्भिसेज प्रा.लि. | ४९२६८० | ४९२६८० | कार्यान्वियन भएको<br>(आर्थिक वर्ष २०७७९।८० ) |
| ४ | बातावरणीय प्रभाव मुल्याङ्कन | धरान कन्सल्ट प्रा.लि. | ३४९९६१ | ३४९९६१ | कार्यान्वियन नभएको<br>(आर्थिक वर्ष २०७८।७९ ) |

६३ **तमोर लिफ्टिङ खानेपानी उपभोक्ता समितिलाई अनुदान :**

यस वर्ष पटक पटक गरी ५० प्रतिशत विद्युत महशुल अनुदान स्वरुप रु.१३ लाख ३८ हजार ८४२.दिएको छ।उक्त समितिले तमोर नदिदेखि पानी तान्दा ठुलो परिमाणमा विजुली खपत हुने र सो को खर्च व्यवस्थापन गर्न समितिलाई अनुदान दिएको देखियो।उक्त समितिको २०७९।०८० को लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा खानेपानी महशुल लगायत विभिन्न श्रोतबाट रु.५९लाख २९ हजार आम्दानी जनाएको देखिन्छ ।त्यस्तै खर्चतर्फ समितिले विद्युत महशुलमा रु.५४ लाख ४४ हजार, मर्मत सम्भार खर्च रु.३ लाख ८६ हजार र तलव भत्ता लगायतका शीर्षकमा रु.३३ लाख ९७ हजार खर्च जनाएको छ।समितिले २७ जना जनशक्ति राखि तलव भत्तामा अधिक खर्च गर्दा सञ्चालन खर्च बढेको देखिन्छ।त्यस्तै रु.८ लाख २६ हजार उठ्न बाँकी महशुल रहेको यस समितिको लेखापरीक्षण प्रतिवेदनबाट देखिन्छ।समितिलाई आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्ति भन्दा अधिक जनशक्ति राखि खर्च गरेको तथा अन्य चालु प्रकृतिका अनावश्यक खर्च गरेको र खानेपानी महशुल बक्यौता उठाउन नसकेको देखिन्छ।चालु प्रकृतिका खर्चमा वृद्धि गरी सञ्चालन अनुदान पालिकासँग माग गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ।समय सापेक्ष महशुल निर्धारण गरी कम्प्यूटर बिलिङ प्रणाली मार्फत हिसाब दुरुस्त राखि उपभोक्तालाई खानेपानी वितरणमा लाग्ने खर्च अपुग भए मात्र समितिको आम्दानी - खर्च विश्लेषण गरी अनुदान दिने व्यवस्था गरिनु पर्दछ।

६४ **संघीय समपुरक अनुदान साझेदारी :**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **४,७७८,१८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६५ **विद्युत प्रधिकरणबाट भएको कार्यः**

यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छनः

६५.१ विद्युत प्राधिकरण शाखा कार्यालय पाँचथरबाट देहाय अनुसार ३ स्थानमा विद्युत विस्तार लगायतको कार्य प्राधिकरणकै लागत अनुमानमा गराउने गरी पालिकाबाट निर्णय भएको देखियो ।उक्त कार्यको प्राधिकरणबाट जम्मा रु.६२,४४,२८६।०७ लागत अनुमान तयार गरी यस वर्ष विद्युत प्राधिकरण शाखा कार्यालय पाँचथरको खातामा रु.५४,९८,१६९ भुक्तानी दिएको देखियो।

| गो.भौ.नं र मिति | आयोजनाको नाम | प्राधिकरणबाट प्राप्त लागत अनुमान रु. | प्राधिकरणबाट खर्च जनाएको रकम रु. | पालिकाबाट भुक्तानी भएको रकम रु. | बाँकी रकम रु. |
|---|---|---|---|---|---|
| ३०-२०८०/११/२० | कार्तिके विद्युत विस्तार | ३७,२२,९९५.७६ | रु.२९,१९,६६०.४१ | रु.२९,९८,३०४ | रु.७८६४३.५९ |
| ४२-२०८०/१२/२७ | कुम्मायक गा.पा विद्युत व्यवस्थापन | रु.२०,२१,३३७.७५ | रु.१७,०६,३०१.४१ | रु.१९,९९,९१३ | रु.२९३६११.५९ |
| ९८-२०८१/०३/१८ | महेन्द्रोदय मा.वि. विद्युत तार पोल व्यवस्थापन | रु.४,९९,९५२.५६ | नभएको | रु.४,९९,९५२.५६ | ४,९९,९५२.५६ |
| | | | | | |
| जम्मा | | ६२,४४,२८६.०७ | ४६,२५,९६१.८२ | ५४,९८,१६९ | ३,७२,२५५.१८ |
| महेन्द्रोदय मा.वि. विद्युत तार पोल व्यवस्थापनको बिल भरपाई पेश नभएको | | | | ५४,९८,१६९ | |
| मिति २०८१।०४। मा गाउँपालिकाको खातामा फिर्ता गरेको | | | | २,५४,०५८.१८ | |
| विद्युत महशुल खर्च समायोजन | | | | १,१८,१९७।०० | |

६५.२ प्राधिकरणलाई निकासा दिएको रु.५४,९८,१६९।- मध्ये कार्तिके विद्युत विस्तार कार्य र कुम्मायक गा.पा विद्युत व्यवस्थापन खर्च रु.४९,९८,२१७ , पालिकाको खातामा फिर्ता गरेको रु. २,५४,०५८.१८ र गाउँपालिकाको विद्युत महशुल विल समायोजन रु.१,१८,१९७।– गरी बाँकी रु.४,९९,९५२.५६ महेन्द्रोदय मा.वि. विद्युत तार पोल व्यवस्थापनमा खच भएको देखिएन। उल्लेखित योजनामा खर्च भएको विल भरपाई सहितको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९५२ |

६५.३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९.(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ।त्यस्तै उप दफा ३९.(२) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरि दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिका भित्रका योजना सञ्चालनका लागि निकासा दिएको रकमबाट यस वर्ष विद्युत महशुल वापत रु.१,१८,१९७।– विद्युत प्राधिकरण शाखा कार्यालय पाँचथरले हिसाब समायोजन गरेको देखियो। उक्त खर्च सम्बन्धित योजना सञ्चालनमा दिएको हुँदा पूजीगत कार्यक्रमबाट विद्युत महशुल चालु खर्च समायोजन गरेको अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १,१८,१९७ |

६५.४ **प्राविधिक प्रतिवेदन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।पालिकाले विद्युत प्राद्यिकरणको लागत अनुमानका आधारमा कार्य गरेको देखियो। उक्त कार्यको नियमानुसार प्राविधिक विल, नापि किताब र कार्यस्वीकार प्रतिवेन तयार नगरी विद्युत प्राधिकरणले तयार पारेको विवरणको आधारमा खर्च लेख्नु मनासिव देखिएन । सम्पन्न कामको मूल्याङ्कन गरी प्राविधिक विल, नापी किताब र कार्यस्वीकार प्रतिवेन तयार गरिनु पर्दछ।

६६ **प्रदेश समपुरक कोष साझेदारी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **४१३,५६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६७ **पूर्व निर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ। त्यस्तै सम्झौताको सामान्य शर्त जि.सी.सीको ५१.१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य गराउनुपर्ने उल्लेख छ ।पालिकाले सिद्ध सरस्वती मा.बि. ८ कोठे भबन निर्माण कार्यका लागि निर्माण गौडेनी निर्माण सेवासँग २०८०।१०।२९ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१२।२६ मा रु.८९,२४,७९० (मुल्य अभिवृद्धि कर समेत) भुक्तानी गर्नेगरी सम्झौता गरेको देखिन्छ। उक्त निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न हुन नसकि २०८१।०२।३२ सम्म म्याद थप भएको र यस बर्ष चौँथो रनिङ्ग विल रु.२९,२१,५२३ समेत हालसम्म रु.७७,७५,८३३।४७ भुक्तानी भएको छ। उक्त निर्माण व्यावसायीलाई शुरु सम्झौता अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण २०८१।०२।३२ सम्म म्याद थप गरेकोमा सो अवधिमा समेत कार्य सम्पन्न गरेको छैन ।थप गरिएको अवधिमा कार्य सम्पन्न नगरेको

जनाई पालिकाले चौथो रनिङ विल अर्थात गो.भौ नं १३१- २०८१।०३।२४ बाट २० दिनको पूर्व निर्धारित क्षतिपूर्ति रकम रु.८९,२४८ असुल गरी चौँथो रनिङ्ग विल रु. २९,२१,५२३ भुक्तानी गरेको देखियो । उक्त निर्माण कार्यको म्याद थप अवधिमा समेत निर्माण कार्य सम्पन्न गरेको नदेखिएकोले सम्झौता अनुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१४,८७६ |

६८ **कुम्यायक कुशायक पर्यटन विकासः**

संघीय पर्यटन विकास साझेदारी कार्यक्रम अन्तरगत गाउँपालिकाले कुम्यायक कुशायक पर्यटन विकास अन्तरगत सिढी तथा रेलिङ निर्माण कार्यका लागि निर्माण व्यवसायी एमएस धुलिखेल मुवेन जेभी सँग ३१ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।०५।१८ मा रु.२,५०,४४,१५८।- (मुल्य अभिवृद्धि कर समेत) भुक्तानी गर्नेगरी सम्झौता गरेको देखिन्छ। उक्त निर्माण कार्य गरी यो बर्ष चौँथो र पाँचौँ रनिङ्ग विल गरी रु.४९८१८५२।- समेत हालसम्म रु.१,१६,११,६२८।- भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन।

६८.१ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ ।निर्माणव्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य सम्पन्न गर्ने अवधि २०८०।११।३० सम्म रहेकोमा उक्त शुरु सम्झौता अवधिमा कार्य सम्पन्न हुन नसकि२०८१।११।३० सम्म म्याद थप गरेको देखिन्छ ।यो बर्षको अन्त्यसम्म निर्माण व्यवसायीले रनिङ विल सम्म रु.१,१६,११,६२८।- भुक्तानी भुक्तानी गरी निर्माण कार्यको वित्तिय प्रगति ४६.३६ प्रतिशत र भौतिक प्रगति ५५ प्रतिशत मात्र भएको देखिन्छ।हालको प्रगतिको मुल्याङ्कन गर्दा थपिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न हुने सुनिश्चितता भएको देखिएन। ठेक्का व्यवस्थापन गरी निर्माण सूरु गरिएको योजनामा अनुदान रकमको प्राप्ती र वजेट व्यवस्थापन गरी तोकिएको समयमै सम्पन्न गर्ने गराउनेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ।

६८.२ **सम्झौताको अवधिमा पेश्की कट्टी नगरेको:** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको कन्डिसन आफ कन्ट्र्याक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्स्यौटगरी सक्नुपर्ने उल्लेख छ । पालिकाले शुरु सम्झौताको समय व्यथित भएको १ वर्ष व्यथित भएको अवस्थामा समेत पेश्की निर्माण व्यावसायीलाई दिएको पेश्की रु.३३,२४,४४६मध्ये कट्टी नभइ बाँकीरहेको पेश्की रु.१३,२९,०१५।८४ असुल फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १३,२९,०१६ |

६८.३ **म्याद थप:** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ।उक्त निर्माण कार्यको २०८१।११।३० सम्म म्याद थप भएको देखिएतापनि लेखापरीक्षण अवधि २०८१ भाद्र १६ सम्म भौतिक प्रगति ५५ प्रतिशत मात्र भएकाले निर्माण कार्य सम्पन्न हुने विश्वसनीय आधार देखिएन।नियमानुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

६८.४ **ननफाइलरः** मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने ब्यवस्था रहेको छ । मासिक खरिदमा तिरेको कर बिक्रीमा उठाएको करसंग मिलान गरी बाँकी दाखिला गर्नुपर्नेमा निम्नानुसारको करदाताको विद्युतीय स्थायी लेखा नम्बरबाट विवरण हेर्दा निज ननफाइलरको रुपमा रहेको पाइयो ।समयमानै कर विवरण नवुझाउनु यसको कारण हो। राज्यलाई बुझाउनुपर्ने कर नबुझाएकोले निर्माण ब्यावसायीलाई भुक्तानी दिएको मूल्य अभिबृद्धि कर रकमको ७० प्रतिशतले हुने रु.४,०१,१९३।- को मूल्य अभिबृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . नं र मिति | निर्माण ब्यावसायी | प्यान नं | ननफाइलर मिति | बिजक नं | मू . अ . कर | ७०% रकम |
|---|---|---|---|---|---|---|
| १५/ २०८१ / ०१ / १ | धुलिखेल/ मुबेन जे . भी . | ६१३२६५३५३ | भ्याट Non-filer since 2080/M/6 | १ | २५६५६५.६१ | १७९५९६ |
| १००/ २०८१ / ०३ / १९ | धुलिखेल/ मुबेन जे . भी . | ६१३२६५३५३ | भ्याट Non-filer since 2080/M/6 | २ | ३१६५६७.९२ | २२१५९७ |
| जम्मा | | | | | | ४, ०१ , १९३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०१,१९३ |

६९ **कृषि औजार तथा यान्त्रीकरण अनुदानः**

पालिकाले ५० प्रतिशत अनुदानमा कृषि औजार तथा यान्त्रीकरण अनुदान प्रादन गर्ने गरी यस वर्ष बिडिएस नेपाल प्रालिसँग रु.३३,३७,८०६।- को मिति २०८१।०२।१५ मा आपूर्ति गर्ने गरी २०८०।१।२६ मा सम्झौता गरी पालीकाबाट ५० प्रतिशत अनुदानको रकम रु.१७,०१,९०६।- भुक्तानी गरेको देखियो।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसर छन् :

६९.१ **लाभग्राही छनौटः** कुम्यायक गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान परिचालन सम्बन्धी कार्यविधि,२०८० लाभग्राही छनौट तथा मूल्याङ्कनका आधारहरु तोकिएको छ । पालिकाले सूचना प्रकाशन गरी लाभग्रहीको छनौट गरेको देखिएतापनि विगतमा अनुदान लिए नलिएको तथा अन्य निकायबाट समेत यस्तै प्रकृतिका अनुदानहरु लिए नलिएको ।सम्बन्धमा स्पष्ट भएको देखिएन। लाग्राही छनौट गर्दा अन्य निकायका कार्यक्रममा दोहोरोपना नहुने गरी वास्तविक कृषकहरु छनौट गर्ने तथा निरन्तर कृषि कर्ममा संलग्न कृषकहरुलाई प्राथमिकता दिनुपर्दछ।

६९.२ **तेल पेल्ने मेशिन जडान तथा सञ्चालन**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१४** को निर्णयले रू **१६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९.३ **मकै रोप्ने मेशिन :** पालिकाको ५० प्रतिशत अनुदानमा खरिद गरेको ३ थान JAP PLANTER मेशिन लाभग्राहीलाई वितरण गरेको देखिएन।कृषि कार्यमा सहजिकरण हुने मेशिन खरिद गरी लामो समय सम्म वितरण नगर्नु उपयुक्त देखिएन। खरिद गरेका देहाय वमोजिमका मेशिन लाभग्राहीलाई वितरण गरिनु पर्दछ ।

| सि. नं | लाभग्राहीको नाम | थान | रकम रु. |
|---|---|---|---|
| १ | धुपिङ मिश्रित कृषि तथा पशुपालन कृषि फर्म | १ | ३००० |
| २ | नरेन्द्र बहादुर कार्की | १ | ३००० |
| ३ | टिका चमलागाई | १ | ३००० |
| जम्मा | | | ९०००. |

६९.४ **अनुदानको अनुगमन :** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ को बुंदा नं १६ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धमा सम्बन्धित मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयबाट हुने उल्लेख छ। त्यस्तै कुम्यायक गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान परिचालन सम्बन्धी कार्यविधि,२०८० को वुँदा नं १२ मा नियमित अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गर्ने उल्लेख छ।

पालिकाले विभिन्न शीर्षकबाट कृषकहरुलाई अनुदान उपलब्ध गराएकोमा अनुदानबाट कृषकहरुको जीवनस्तरमा आएको सुधार तथा कार्यक्रमको प्रभावकारीताका सम्बन्धमा अध्ययन गरेको छैन ।पालिकाबाट वितरण गरेका अनुदान सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी उपलब्धिको मापन गरेको छैन।अनुगमनलाई प्रभावकारी बनाई अन्य सरकारी निकायसँग समेत समन्वय गरी कार्यक्रममा दोहोरोपना नहुनेगरी कार्यक्रमको निरन्तरता वा परिमार्जन गरी अनुदानलाई वितरणमुखी भन्दा उत्पादनुखी बनाउन अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ।

७० **ब्याक्हो लोडर मेशिन खरिद :**

वडा नं २ को कार्यालयको कार्यक्रम अनुसार यस वर्ष पालिकाले केशरी चन्द्र भंगेरीलाल एण्ड कम्पनी प्रा.लिबाट रु.४०,६१,९४७।- मूल्यको मेशिन खरिद गरेको देखियो । यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन :

७०.१ **प्राविधिक स्पेशिसफिकेशन :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११(१) स्पेशिफिकेशनको अधिनमा रहि तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले ब्याक्हो लोडर मेशिन खरिद कार्यको प्राविधिक स्पेशिफिकेशन तयार गर्न कोशी प्रदेश आन्तरिक मामिला मन्त्रालयलाई पत्राचार गरी तहाँका मेकानिकल इन्जिनियरले प्राविधिक स्पेशिसफिकेशन तयार पारेको देखिन्छ। उक्त प्राविधिक स्पेशिसफिकेशनको आधारमा उत्पादन मिति नखुलाई मिति २०८० फाल्गुण ४ (सन २०२४ फ्रेवरी १६) मा विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको सूचना मार्फत प्राप्त ५वटा बोलपत्र दाताको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङकन गरी सबै भन्दा कम कबोल गर्ने बोलपत्रदाता केशरी चन्द्र भंगेरीलाल एण्ड कम्पनी प्रा.लिबाट रु.४०,६१,९४७।- मूल्यको व्याक्हो लोडर खरिद गरेको देखियो।उक्त आपूर्तिकर्ताले खरिदको सूचना प्रकाशन गरेको मिति भन्दा २ वर्ष भन्दा अगाडि बनेको मेशिन आपूर्ति गरेको छ ।यसरी उत्पादन भएको दुइ वर्षभन्दा बढी अवधि भएको मेशिनबाट कार्यकुशलतामा ह्रास आउने तथा छोटो समयममै पार्ट पुर्जा बिग्रन सक्ने अवस्था रहन्छ। अत: २ वर्ष भन्दा अगाडि बनेको मेशिन आपूर्ति गर्ने आपूर्तक तथा प्राविधिक स्पेशिसफिकेशन तयार गर्ने प्राविधिकलाई जिम्मेबार बनाउनुपर्दछ।

७०.२ **ब्याक्हो लोडरको आवश्यक्ता र सञ्चालन:** यस गाउँपालिकामा १ वटा ब्याक्हो लोडर चालु हालतमा रहेको र उक्त मेशिन पूर्ण क्षमतामा सञ्चालन हुन सकेको देखिएन।मेशिनको यस वर्ष सञ्चालन खर्च अपरेटरको तलव लगायतको सुविधा इन्धन खर्च,मर्मत खर्च,नविकरण तथा बीमा खर्च समेत करिब रु.३३ लाख खर्च गरेको गरेको र यस वर्ष जम्मा आम्दानी रु.६ लाख मात्र गरेको छ । खर्चको तुलनामा आम्दानी ज्यादै न्यून रहेको छ।यस पालिकाका धेरै भु: भाग तमोर करिडोर तथा अन्य भुभाग डिभिजनको कार्य क्षेत्र र पूर्वाधार कार्यालयको कार्य क्षेत्रका सडकहरु रहेको अवस्थामा पालिकाको कार्य क्षेत्रको सडक न्यून रहेको र रहेका सडकहरु समेत मर्मत तथा निर्माण कार्य प्रतिस्पर्धात्मक मूल्यमा बोलपत्रको माध्यमबाट हुने हुँदा वडा कार्यालयमा ब्याक्हो लोडर अपरेटरको दरबन्दी समेत नहुने अवस्थामा समेत वडाबाटै सञ्चालन गर्ने गरी ब्याक्हो लोडर खरिदको औचित्य देखिएन। यसको सञ्चालन तथा ब्यवास्थापन सम्बन्धी कार्यविधि बनाई व्यवस्थित गरिनुपर्दछ ।

७१ **पाइप खरिद, वितरण र मौज्दात :**

पाइप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी कितावमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद गरेका रु.२३,९९,२३९।- मूल्यका विभिन्न साइजका एच.डी.पी. पाइप खरिद गरेको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन:

७१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्य सम्पन्न गरेको कामको अन्तिम बिल भुक्तानी पश्चात कार्य स्वीकार प्रतिवेदन समेत तयार गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष खरिद भएका रु.२३,९९,२३९।- मूल्यका एच.डि.पि.ई पाइप मध्ये रु.१९,३८,६५०।-

विभिन्न वडामा वितरण गरी भरपाइका आधारमा जिन्सीबाट खर्च जनाएको पाइयो।उल्लेखित साइजका पाइपहरु कुन योजनामा खर्च भएको हो सो खुल्ने प्राविधिक नापजाँच सहितको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि. नं | पाइप विवरण | परिमाण मिटर | रकम |
|---|---|---|---|
| १ | एच. डी. पी. ई पाइप एम . एम . २० | ७८०० | २२९१६४ |
| | एच. डी. पी. ई पाइप १२ . ५ एम . एम . २५ | ४०५० | १५५६०१ |
| | एच. डी. पी. ई पाइप १२ . ५ एम . एम . ३२ | २८०० | १७७१८४ |
| | एच. डी. पी. ई पाइप १२ . ५ एम . एम . ३२ | ५००० | ३७८५५० |
| जम्मा | | | ९४०४९९ |
| २ | एच. डी. पी. ई पाइप पिई १०० पि . एन . १२ . ५ एम . एम . ११० | ३०० | २१२२१४ |
| | एच. डी. पी. ई पाइप पिई १०० पि. एन . १६ एम . एम . ११० | ९२० | ७८५९३७.६ |
| जम्मा | | | ९, ९८ , १५१ . ६० |
| कुल जम्मा | | २०८७० | १९, ३८ , ६५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,३८,६५० |

७१.२ पालिकाले यस वर्ष खरिद गरेका रु.२३,९९,२३९।- मूल्यका एच. डी. पी. ई पाइप मध्ये रु.४,६०,५८८।- मूल्यका ६५०० मिटर पाइपहरु विपदको समयमा उपयोग गर्ने गरी मौज्दात राखेको छ।विपदको पूर्व तयारी तथा योजनाहरुमा पाइपहरु लेइङ तथा जोइन्टिङ गर्दा जमिनमा नर्मस अनुसार जमिनमुनि पर्याप्त लेइङ गरी आगलागीको समयमा क्षति नपुग्ने गरी पाइपहरु जोइन्टिङ गर्ने व्यवस्था गर्ने तथा विपदको समयलाई समेत आकलन गरी मौज्दात व्यवस्थापन गरिनुपर्दछ ।

## ७२ गत वर्षको दायित्व भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) गाँउसभाबाट बजेट संशोधन गरी दायित्व भुक्तानी गर्ने गरी ताप्लेजुङ हार्डवयर सप्लायर्सबाट आ.व २०७८।०७९ मा रु.४,७९,३१२।- मूल्यमा खरिद तथा दाखिला र यासोक सुख्खा क्षेत्र तमोर पम्पिङ तथा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले बुझेको भरपाई सहितको कागजातको आधारमा विभिन्न साइजका फिटिङ सामाग्रीहरुको भुक्तानी दिएको देखियो। गत विगतमा उक्त कार्यको भुक्तानी के कति कारणले पेश नभएको हो सो को स्पष्ट कारण र भुक्तानी बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) वेगर गाउँसभाबाट बजेट व्यवस्था गरी खर्च गर्नु उपयुक्त देखिएन। भुक्तानी दायित्व दिन बाँकीको दायित्व प्रमाणित गरेर मात्र भुक्तानी दिनुपर्दछ। साथै उक्त भुक्तानी रकमको सम्बन्धित योजनामा खर्च भएको प्राविधिक नाँप जाँच सहितको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७९,३१२ |

## ७३ १५ शैय्याको अस्पताल निर्माणः

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अस्पताल निर्माणका लागि ठेक्का नं KRM/NCB/works/2077/78-07 मार्फत निर्माण व्यवसायी एमएस नागार्जुन भगवती जेभी सँग रु १४,२१,०५,२०७।४८ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।४।२१मा सम्झौता भएकोमा मिति२०८०।०१।०३ को कार्यपालिकाको निर्णय अनुसार १.९७ प्रतिशत भेरिएशन थप भई रु.१४,४८,९५,६२५।७९ कायम भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्ः

७३.१ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २ बर्ष अर्थात २०८०।४।२० मा सम्पन्न गर्नुपर्नेमा मिति २०८०।०६।११ को कार्यपालिकाको निर्णय बमोजिम मिति २०८१ श्रावण मसान्तसम्म म्याद थप भएको र निर्माण व्यवसायिले नवौँ रनिङ्ग विलसम्म रु.९,२८,८६,९११।३७(मुअकर तथा मूल्य समायोजन समेत) भुक्तानी भएको र यस अवधिमा ६१.२० वित्तीय प्रगति र ६५ भौतिक प्रगति भएको देखिन्छ । शुरु सम्झौताको समयावधि समाप्त भैसकेको र पटक म्याद थप हुँदा समेत निर्माण कार्य सम्पन्न हुनसकेको छैन ।सरोकारवालसँग आवश्यक समन्वय गरी निर्माण सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७३.२ **भेरिएशनबाट नयाँ आइटमको कार्य :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ।पालिकाले शुरु लागत अनुमानमा जम्मा ३२१ घ.मि को प्लिन्थ लेभलको इट्टाको (१:६ स्टोन मेशिनरी) काम हुने गरी लागत अनुमान स्वीकृत गरी ठेक्का सम्झौता गरेकोमा सोही अनुसार कार्य नगरी २०८०।०१।०३ को कार्यपालिका निर्णयबाट इट्टाको सट्टा ४३७।५० घ.मि.ढुङ्गा प्रयोग गर्ने गरी भेरिएशन स्वीकृत गरेको देखियो।पालिकाले भेरिएशनको रेट नेगोशेसन गर्दा अन्य आइटमहरुमा शुरु सम्झौतामा निर्माण व्यावसायी घटेको दरलाई समावेश गरी नेगोशिएन गरेता पनि यस आइटममा लागत अनुमानकै हाराहरीमै नयाँ दरमा सम्झौता गरेको छ ।शुरु सम्झौतामा उल्लेख भएको इट्टा निर्माण व्यावसायीले झापा लगायत लामो दुरीबाट ढुवानी गर्नुपर्ने र ढुङ्गाको उपलब्धता स्थानीयस्तरमै हुने हुँदा ढुवानी लागत कम पर्ने देखिन्छ ।जसले गर्दा आर्थिक वर्ष २०७७।०७८ को जिल्ला दररेटले हुने प्रति घ.मि.१२,८९०।३५ मा ठेक्का सम्झौतामा घटेको २३.३५ प्रतिशत घटाउँदा हुने प्रति घ.मि.दर रु.९,८८०।४५ ले दर निर्धारिण गर्नुपर्नेमा रु.१२,२६०।३८ कायम गरी भुक्तानी गरेको देखिएकाले प्रति घ.मि.दर रु.२,३७९।९३ बढी दरले हुने स्टोन मेशीनरी कार्यको ४३७।५० घ.मि.को जम्मा रु.१०,४१,२१९।- र मूल्य अभिवृद्धि कर रु.१,३५,३५८।- समेत जम्मा रु.११,७६,५७७।- थप व्यभार पर्न गएको देखिन्छ ।शुरु सम्झौतामा उल्लेख भएको इट्टा प्रयोग नगरी नयाँ आइटम ढुङ्गाको दर निर्धारण गरी भुक्तानी गरेको कारण थप व्यभार पारेको रु…

| भेरिएशन विवरण | जिल्ला दररेट अनुसार हुने दर | २३. ३५ प्रतिशत घटीले हुने दर | भेरिएशन स्वीकृत गरेको दर | २३. ३५ घटीले हुने फरक दर | जम्मा परिमाण घ. मि | रकम |
|---|---|---|---|---|---|---|
| स्टोन मेशीनरी १:६ | १२८९०।३५ | ९८८०।४५ | १२२६०।३८ | २३७९.९३ | ४३७।५० | १०४१२१९ |
| | | | | | | १३५३५८ |
| कुल जम्मा | | | | | | ११, ७६ , ५७७ |

| अनियमित भएको | ११,७६,५७७ |
|---|---|

७३.३ **गुणस्तर आश्वस्तता:** निर्माण व्यवसायीसँग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरूको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा प्रयोग भएका केही आइटमहरुको गुणस्तर परीक्षण गरी श्रेस्तासँग संलग्न गरे पनि इट्टा, डण्डी लगायतका निर्माण सामाग्रीहरुको तोकिए बमोजिमको संख्यामा गुणस्तर परीक्षण गरेको रिपोर्ट देखिएन। अतः भबन निर्माण कार्यमा प्रयोग गरिने इट्टा, डण्डी, क्रंक्रिट, र क्यूब लगायतमा अपेक्षित गुणस्तर कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७३.४ **म्याद थप:**सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ।उक्त निर्माण कार्यको २०८१माघ मसान्त सम्म म्याद थप भएको देखिएतापनि लेखापरीक्षण अवधि २०८१ भाद्र १६ सम्म भौतिक प्रगति ६५ प्रतिशत मात्र भएकाले निर्माण कार्य सम्पन्न हुने विश्वसनीय आधार देखिएन।नियमानुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७३.५ **बीमाको म्याद समाप्त**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण र निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ।त्यस्तै बीमाको म्याद त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले बीमा बापत प्रोभिजनल समबाट रु.६,६३,५०५।२४ भुक्तानी भएकोमा उल्लेखित ठेक्काको सम्झौता मिति २०७८।०४।२१ देखि कार्य सम्पन्न गर्ने अन्तिम मिति म्याद थप समेत २०८१।०४।३२ देखि १३ महिना अवधिको निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्नेमा बीमाको म्याद २०८१ श्रावण ३१ (२०२४ अगस्त १५) मा समाप्त भएको देखिएकाले म्याद थप पछिको कार्य सम्पादन गर्न लाग्ने अवधि तथा त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको बीमालेख पेश हुनुपर्दछ ।

७३.६ **सम्झौताको अवधिमा पेश्की कट्टी नगरेको:** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको कन्डिसन आफ कन्ट्र्याक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्स्यौट गरी सक्नुपर्ने उल्लेख छ । पालिकाले शुरु सम्झौताको समय व्यथित भएको १ वर्ष व्यथित भएको अवस्थामा समेत पेश्की निर्माण व्यावसायीलाई दिएको पेश्की रु.१,८६,००,०००।- मध्ये कट्टी नभइ बाँकी रहेको पेश्की रु.७०,३०,९३७।- असुल फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ७०,३०,९३७ |

७३.७ **भवनको स्थलगत अनुगमनः** निर्माण कार्यस्थलको स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायि साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा पर्याप्त जनशक्ति रहेको देखिदैन। सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न नभइ पटक पटक म्याद थप हुँदा समेत कार्यातालिका वमोजिम कार्य नभएको सम्वन्धमा गाउँपालिकाले अनुगमन गरी सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गराई सेवा प्रवाह गर्नुपर्दछ ।



निर्माणाधिन भबनको अवस्था

निर्माण स्थलको स्थलगत अवलोकनबाट भवनमा प्लास्टर लगायत फिनिसिङको कार्य हुँदै गरेको देखियो।निर्माण व्यावसायीले कामदारलाई पूर्ण रुपमा परिचालन गरेको अवस्था छैन।जसले गर्दा निर्माण कार्यमा ढिलाइ भएको अवस्था छ ।तोकिए बमोजिम समयमै निर्माण कार्य सम्पन्न हुनुपर्छ।

**७४ जस्तापाता खरिद तथा वितरण र मौज्दातः**

वडा नं १ र वडा नं ५ को जनता आवास कार्यक्रम अन्तर्गत जस्ता पाता वितरण गर्न यस वर्ष एल.बि मल्टि प्रपोज कम्पनी प्रा.लिसँग रु.१८,४४,६६९।- मिति २०८१।१।१५ मा आपूर्ति गर्ने गरी २०८०।१२।१४ मा सम्झौता गरी रु.१८,४४,६६९।- भुक्तानी गरेको देखियो।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

७४.१ **लाभग्राही छनौटको मापदण्ड:** वडा नं १ र वडा नं ५ मा जनता आवास कार्यक्रम सञ्चालन गर्ने गरी वडाको मागको आधारमा बजेटको व्यवस्था गरी सिलबन्दी दरभाउपत्र मार्फत पालिकाले रु.१८,४४,६६९।- को जस्तापाता खरिद गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्न लाभग्राही छनौट गर्दा स्पष्ट आधार सहित आर्थिक रुपले पछाडी परेका घर परिवार तथा लाभग्राही छनौट गर्ने गरी गाउँपालिकाले मापदण्ड तयार गरेको छैन।लाभग्राही छनौट गर्दा स्पष्ट मापदण्ड तयार गरी आर्थिक रुपले विपन्न परिवारलाई उचित अवसर प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७४.२ **कार्यक्रममा दोहोरापना नभएको सुनिश्चितता :** यस किसिमका कार्यक्रम संघ तथा प्रदेश सरकारका जनता आवास कार्यक्रम तथा सुरक्षित नागरिक आवास कार्यक्रम र खरको छाना विस्थापन सम्बन्धी कार्यक्रम विभिन्न निकायबाट हुँदै आएकोमा यस पालिकाले समेत जस्तापाता वितरण गरेको जनाएको छ।यस वर्ष वितरण गरेको जस्तापाता प्राप्त गर्ने लाभग्राहीले अन्य निकायबाट सोही प्रकारको अनुदान प्राप्त गरे नगरेको तथा विगत वर्षमा अनुदान उपयोग गरे नगरेको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन।अन्य सरकारी निकायसँग समेत समन्वय गरी कार्यक्रममा दोहोरोपना नहुने गरी सञ्चालन गरिनु पर्दछ ।

७४.३ **कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष खरिद गरेका जस्तापाता आंशिक रुपमा वडा नं १ र वडा नं ५ का वडा अध्यक्ष मार्फत भरपाईको आधारमा वितरण गरेको जनाएको छ।खरिद गरेका रु.१८,४४,६६९।– मूल्यका जस्तापाता मध्ये रु.१५,०२,६६९ मूल्यका जस्तापाता वडा नं १ र वडा नं ५ मा वितरण गरी कार्य सम्पन्न प्रतिवेदन समेत पेश गरेको देखियो यद्यपि ३६ बण्डल जस्तापाता प्रति बण्डल रु.९५०० का दरले जम्मा रु.३,४२,०००।– मौज्दातनै देखिन्छ।उक्त मौज्दातको अवस्था बारे जानकारी माग गर्दा वडा कार्यालय मार्फत केही घरधुरीमा वितरण भएको र केही वडा कार्यालयमा मौज्दात रहेको पालिकाले जनाएको छ।अत: वितरण गरेका घरधुरीको नापजाँच सहितको प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४२,००० |

**७५ आन्तरीक आय ठेक्काः**

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिट्टि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष आय ठेक्का लगाएको छैन । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

पालिकाले सिभिल आइकन प्रा.लि मार्फत तयार पारेको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन देहायका तीनवटा खोला वगरबाट औषत १ मिटरको गहिराईमा ५१,०५२ घ.मि. अर्थात १८,०१,११५।- क्यू.फिट.परिमाण ढुङ्गा गिट्टी बालुवा उत्खनन गर्न सकिने उल्लेख छ । यद्यपि यस वर्ष पालिकाले उक्त स्थानहरुमा ठेक्का बन्दोवस्त गरेको छैन ।यसरी आय ठेक्का नलगाएको कारण पालिकाको आन्तरिक आयमा संकुचन आएको छ। वातावरणीय अध्ययन प्रतिवेदनले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्य गर्न सकिने सम्भावित स्थानहरु पहिल्याए पनि सो प्रतिवेदन कार्यान्वयन गरेको छैन ।जसले गर्दा पालिकामा अबैध ढङ्गले क्रशरहरु सञ्चालन हुने नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यमा प्रभावकारी नियमन हुन सकेको देखिएन।यस सम्बन्धमा

पालिकाबाट आफ्नो क्षेत्राधिकार भित्र अनुगमन निरीक्षण गरी अवैध तरीकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यमा संलग्नलाई कानुनको दायरामा ल्याउने पहल गर्नुपर्ने तथा पालिकाको आन्तरिक आय वृद्धिमा जोड दिनुपर्दछ।

| सि. नं | घाट तथा वगर | सम्भावित परिमाण घ. मि . | औषत गहिराई |
|---|---|---|---|
| १ | जयारामघाट | २६१०० | १ मिटर |
| २ | ज्यामिरेघाट | १६२०२ | १ मिटर |
| ३ | लिरिया घाट | ८७५० | १ मिटर |
| | | ५१०५२ | |

७६ **नदीजन्य पदार्थः**

तमोर करिडोर निर्माण कार्यमा संलग्न रौताहा -क्षमादेवी जे.भी.लले नदीजन्य पदार्थको उपयोग गर्न अनुमति माग गरेको र कार्यपालिकाको मिति २०८०।१०।२२ निर्णयले उक्त आयोजना सञ्चालनमा माग भए बमोजिमको ढुङ्गा, गिट्टी र बालुवाको परिमाणमा आयोजना क्षेत्रबाट संकलन अनुमति दिने निर्णय गरेको देखियो।यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन :

७६.१ उक्त निर्माण व्यावसायीले पहिलो पटक १९ असोज २०८० मा ४,०२,८६३।- क्यू.फिट र २५ माघ २०८० को पत्रबाट १,७०,५८१।- क्यू.फिट समेत जम्मा ५,७३,४४४।- क्यू.फिट को प्रति क्यू.फिट रु.८ का दरले जम्मा रु.४५,८७,५५२।- राजश्व दाखिला गरेको छ ।ढुङ्गा, गिट्टी बालुवा निकाल्नका लागि अनुमती माग गरेकोमा उक्त स्थानबाट के कति परिमाणमा नदीजन्य पदार्थको उत्खनन् भएको हो सोको अभिलेख पालिकाले राखी सोही अनुसार राजश्व असुल गरेको छैन। पालिकाले निर्माण व्यावसायीले माग गरे बमोजिम परिमाणको राजश्व प्राप्त गरेको देखिए पनि त्यसको स्टक प्रमाणिकरण गरी राजश्व एकिन नगरेको तथा सम्बन्धित आयोजना कार्यालयसँग समन्वय गरी उक्त निर्माण व्यावसायीले उपयोग गरेको ढुङ्गा, गिट्टी बालुवाको परिमाण एकिन गरेको देखिएन। परिमाण एकिन गरेर मात्र उत्खनन अनुमति दिनु पर्दछ ।

७६.२ **मूल्य अभिवृद्धि कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **५९६,३८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६.३ **विभाज्य कोषमा रहेको राजश्व बाँडफाँड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **१,८३४,९७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७७ **सामाजिक सुरक्षा भत्ता**

**सामाजिक सुरक्षा भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने

जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् ।

७७.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु ६,६३,०७,६९६/- बजेट प्राप्त भएकोमा यस पालिकाले रु. ६,१७,७९,५७८। निकासा गरेको देखियो । भत्ता वितरण गर्दा कानुनमा व्यवस्था भए बमोजिम वडार बैंकको Reverse Feed / Forward Feed कोप्रयोग गरेको पाईयो । सो निकासा रकम मध्ये बैकमा रहेको मौज्दात रु.६३,८५२। बैकबाट फिर्ता गरी पालिकाले संघीय संचित कोषमा दाखिला गरिसकेको आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ।

७७.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तथा विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तीय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तीय संस्था छनौट गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सबै वडा नं १, २, ३, ४, ५ को लागि इन्भेष्टमेन्ट मेगा संग सम्झौता गरी लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुने गरी सम्झौता भएको देखियो ।

७७.३ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नवीकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्नसकिएन ।

७८ **आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरुः**

७८.१ नेपाल सरकार संघ प्रदेश र स्थानीयको सार्वजनिक सम्पत्तिहरु व्यवस्थित गर्ने सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पाम्स प्रयोगमा ल्याई संचालनमा रहेको भएपनि सार्वजनिक सम्पत्तिहरु गाँउपालिकाले औषधि बाहेकका सामानहरु मात्र पाम्समा समावेश गरेको देखिन्छ । साथै आ व २०८०।८१ को लागि पालिकाले ८२ किसिमको औषधि र १४ किसिमको सर्जिकल सामानहरु ठेक्का मार्फत खरिद गरी ELMIS बाट मात्र खरिद आदेश र दाखिला गरेको देखिएकोले सो सामान अविलम्व पाम्समा आम्दानी बाँधि खर्च लेख्नु पर्दछ ।

७८.२ स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयसेविकाहरुलाई पोषाक यातायात तथा दिवस मनाउने भनि ३७ जनाको आयकर ऐन, २०५८ बमोजिम सामाजिक सुरक्षा कर कट्टी नगरी भुक्तानी दिईएको देखिन्छ । यसर्थ सो कर निजहरुबाट नाम नमेसी असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९२० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कुम्मायक गाउँपालिका, पाँचथर , कुम्मायक गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Adhikari | २०८०-८-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | देवी तुम्बापो | २०७९-४-३० | २०८०-८-१० |
| लेखा प्रमुख | प्रविण राई | २०७९-११-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०३१,१३३ | ७,७३१,९६९ | १३,५६६,४३६ | ० | १२०,००० | ८,३५९,९५३ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३०,८०९,४९१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १०,२५७,८१६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,५५१,६७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५६०७६६०२.४१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४५४०७१८०.८ | **चालु खर्च** | ३५५७०८७९९.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १५९८८७६७ | **पूँजीगत खर्च** | ९३७८७७६७ |
| **राजश्व बाँडफाँट** | ६३४४८४४८.३७ | **वित्तीय/अन्य व्यवस्था** | १२०४२५०.० |
| **आन्तरिक आय** | ४७२५३५१.०२ | | |
| **अन्य आय** | ३१९८०६९.८७ | | |
| **कुल आय** | ४३२७६७८१७.०६ | **कुल खर्च** | ४५०७००८१६.८ |
| **बाँकी मौज्दात** | | ३८१४३६०२.६७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।